"मुसिकोट नगरको समृद्धिका आधार: सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका / Musikot Municipality

## नगर कार्यपालिका कार्यालय / Office of Municipal Executive

वामीटक्सार, गुल्मी / Wamitaksar, Gulmi

लुम्बिनी प्रदेश, नेपाल ।

LumbiniProvince, Nepal.

च.नं. / Ref. No. : ४३९

प.सं. / Des. No. : २०७९/८०

मिति : २०७९/०८/०८ गते ।

श्री सम्पूर्ण वडा कार्यालयहरु(१ देखि ९) ,

श्री सबै सरोकारवालाहरु ,

मुसिकोट नगरपालिका, गुल्मी

**विषय: टोल विकास संस्था गठन गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा " मुसिकोट नगरपालिका टोल विकास संस्था सञ्चालन कार्यविधि २०७६" को अधिनमा रहि सामुदायिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रवर्धन गर्न नगरपालिकाको सहरी बस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय श्रोत, साधन, र जनशक्तिको उपयोग गरी जीवनस्तर उकास्ने साथै आफ्नो ठाउँको समस्याहरुको समाधान आफूबाट गर्ने र आफूबाट समाधान गर्न नसकेमा सम्बन्धित निकायसम्म आफ्ना समस्या पुयाई समाधान गर्न सक्ने सक्षम नागरिक बनाउने अभिप्रायले टोल विकास संस्था गठन गर्न आवश्यक देखिएकोले स्थानीय स्तरमा वडा समितिको सहयोगीको रुपमा रहने गरी गठन गरिएका टोल विकास संस्था र सो संस्थाको कामलाई व्यवस्थित गर्न साथै नगरपालिकाबाट सञ्चालन गरेका विकास निर्माणका काम तथा सेवा प्रवाहमा थप सहयोग पुगोस् र सेवाग्राहीले सहज सेवा प्राप्त गरी सुशासनको अनुभूति गरुन् भन्ने उद्देश्यले यस नगरपालिकाका विभिन्न वडाहरुमा तपसिल बमोजिकको प्रकृया पूरा गरी टोल विकास संस्थाको गठन गर्नु/ गराउनु हुन अनुरोध छ ।

**साथै टोल विकास संस्था गठन सम्बन्धमा नगरपालिकाबाट अभिमूखिकरण कार्यक्रमहरु समेत क्रमश सञ्चालन हुँदै जानेछ ।**

तपसिल

१. टोल विकास संस्था गठन गरिने स्थान : (क) नगरपालिका क्षेत्रभित्रको विभिन्न टोलहरुमा सबै घरपरिवार समेटिने गरी टोल विकास संस्था गठन गर्नु पर्ने ,

(ख) नगरपालिकाले आवश्यक ठानेमा कुनै पनि वडाको कुनै पनि क्षेत्रमा विशेष टोल विकास संस्था गठन गर्न सक्ने ।

२. टोल विकास संस्थाको कार्यक्षेत्र र सिमाना :

(क) कुनै पनि टोल विकास संस्थाको कार्य क्षेत्र र सिमाना नगरपालिकाले तोकेको सिमाना अनुसार हुनेछ ,

(ख) टोल विकास संस्थाको क्षेत्रफल ठुलो वा धेरै घर संख्या भएमा भौगोलिक, धार्मिक, साँस्कृतिक आदिलाई आधार मानी एउटा वा एकभन्दा बढी टोल विकास संस्था गठन गर्न सकिने छ ।

विनोद कुँवर

प्रमुख प्रशासकीय अधिकृत

☎079-412145, E-mail: musikotmpgulmi@gmail.com, Web-site: www.musikotmungulmi.gov.np

३. गठन विधि : **वडा समितिका पदाधिकारीको रहोवरमा टोल विकास संस्थाको गठन देहाय बमोजिम गर्नु पर्ने ।**

क) नगरपालिका क्षेत्र भित्रका बस्तीहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गर्ने ,

(ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको कामलाई व्यवस्थित गर्न अध्यक्ष, उपाध्यक्ष ,कोषाध्यक्ष , सचिव र आवश्यकता अनुसारका सदस्यहरू रहेको एक टोल विकास कार्य समिति गठन गर्ने तर दोस्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाटबाट पुनर्गठन हुनेछ ,
(ग) टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ । एक पटक अध्यक्ष, उपाध्यक्ष कोषाध्यक्ष र सचिव भएको व्यक्ति दुई कार्यकाल भन्दा बढि पुनः सोही पदमा लगत्तै नियुक्त हुने छैन ,
घ) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक सदस्यको रूपमा समेट्नु पर्दछ । सो नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गर्नु पर्नेछ ,
(ङ) महिला, दलित, अपाङ्ग, अल्पसंख्यक, विपन्न, एकल महिला आदिको सहभागिता हुनेगरी लैंगिक समानता र सामाजिक समावेशीकरणमा जोड दिई हरेक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी कार्यसमिति गठन गर्नुपर्नेछ ,
च) कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये एक जना अनिवार्य महिला हुनपर्नेछ । साथै कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य समावेश भएको हुनुपर्नेछ ।

४. टोल विकास संस्थाको कार्यसमितिको पदाधिकारीहरुको संख्या :

क) अध्यक्ष : १ जना
ख) उपाध्यक्ष : १ जना
ग) कोषाध्यक्ष : १ जना
घ) सचिव : १ जना
ङ) सदस्य आवश्यकता अनुसार ७ देखि बढीमा ११ जना सम्म ।

५. टोल विकास संस्थाको दर्ता सूचिकृत देहाय बमोजिम हुनेछ :

टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई यस नगरपालिकामा दर्ता वा सूचिकृत हुनका लागि निम्नानुसार ढाँचामा निवेदन पेश गर्नु पर्नेछ । निवेदन साथ उक्त टोल विकास संस्थामा आवद्द सदस्यहरुको नामावली तथा निर्णयको प्रमाणित फोटोकपी समेत पेश गर्नु पर्नेछ ।

टोल विकास संस्थाले कार्यविधि बमोजिमका उद्धेश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानून विपरितका काम गर्न खोजेमा कानून बमोजिम नगरपालिकाले दर्ता खारेज गर्न सक्नेछ ।

विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

मुसिकोट नगरपालिका/Musikot Municipality
नगर कार्यपालिका कार्यालय/Office of Municipal Executive
वामीटक्सार, गुल्मी/Wamitaksar, Gulmi
लुम्बिनी प्रदेश, नेपाल ।
LumbiniProvince, Nepal.

च.नं./Ref. No.: २३९
प.सं./Des. No.:२०७९/८०

## निवेदनको ढाँचा

मिति:

श्री मुसिकोट नगरकार्यापालिकाको कार्यालय ,
वामीटक्सार ,गुल्मी ।

विषय: टोल विकास संस्था दर्ता सूचीकृत गर्ने सम्बन्धमा ।

उपयुक्त सम्बन्धमा यस मुसिकोट नगरपालिकाको वडा नं. मा देहाय बमोजिमको चारभित्रको क्षेत्रमा बसोबास गर्ने हामी टोलवासीहरु मिति को भेलाले गठन गरेको टोल विकास संस्थालाई यस नगरपालिकाको कार्यालयमा दर्ता सूचीकृत गरी दिनुहुनको निमित्त यस टोल विकास संस्थामा आवद्ध दल सदस्यहरु कार्यसमितिका पदाधिकारीहरको नामावली सहित भेलाको निर्णयको प्रतिलिपि यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

टोल विकासको चार किल्ला (सिमाना)

पूर्व सिमाना:
पश्चिम सिमाना
उत्तर सिमाना:
दक्षिण सिमाना:

निवेदक

दस्तखत:
अध्यक्षको नाम थर:
टोल विकास संस्थाको नाम :
टोल विकास संस्थाको छाप

सिफारिस गर्ने

दस्तखतः
वडा अध्यक्ष

वडा कार्यालयको छाप

...................................
विनोद कुँवर
प्रमुख प्रशासकीय अधिकृत

सम्पर्कको लागि फोन नं. ९८४५८१०१५७